उजुरीको पृष्ठभूमि :

नेपाल सरकार शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मापदण्ड विपरित बोर्डिङ्ग स्कुलका किताब प्रकाशकहरुले कम गुणस्तरको किताब प्रकाशित र छपाई गरेर बिक्रि/वितरण गरेको सम्बन्धी उजुरीको बिषयमा छानविन गरी प्रतिवेदन पेश गर्न खटाईएकोमा यस प्रतिवेदन पेश गरेका छौं ।

<u>अध्ययनका विधि</u>

यस केन्द्रमा प्राप्त उजुरी , सम्बन्धित प्रकाशन गृह का संचलक प्रतिनिधिहरु , नेपाल गुणस्तर तथा नापतौल विभाग र पाठ्यक्रम विकास केन्द्रका प्रतिनिधि समेतको सहभागितामा छलफल , पाठ्यपुस्तकको अध्ययन एवं प्रकाशित पाठ्यसामग्रीको अवलोकन निरीक्षण गरिएको।

<u>उजुरीमा उठाइएका विषयबस्तु</u>

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट पाठ्यसामग्री प्रकाशन सम्बन्धमा भएका देहाय वमोजिमका निर्देशनहरु

१.आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्ने।

२.आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथामसम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्ने।,

३.स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्ने।

४.पाठ्यसामग्रीको प्रत्येक पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्ने ।

५.माथि उल्लेखित व्यहोरा वमोजिमको पाठ्यसामग्रीको तीन प्रति पाठ्यक्रम विकास केन्द्रमा पेश गरेपछि मात्र बिक्रीवितरण गर्नुपर्ने ।

पाठ्यक्रम विकास केन्द्र छपाई स्पेसिफिकेसनमा गुणस्तर मानक

१. पाठ्यपुस्तकको आकार तथा रङ पाठ्यक्रम विकास केन्द्रको मुद्रणीय प्रतिअनुसारकै आकार र रङमा छाप्नुपर्ने

२.कागजको गुणस्तर

**Technical specification for 70GSM paper**

| SN | Specification | Unit | Tolerance/Range |
|---|---|---|---|
| 1 | Grammage | $g/m^2$ | 70gsm |
| 2 | Thickness | Microns | 83-100 |
| 3 | Bendtsen smoothness | m/min | 100-150 |
| 4 | Cobb value | $g/m^2$ | 22 |
| 5 | Moisture Content | % | 4 to 7 % |
| 6 | Gurley Porosity | s/100ml | 6 to18 |
| 7 | Opacity | % | 90+ |
| 8 | Tensile index | N.m/g | MD 25 N.m/g ( Minimum), CD 15 MD 25 N.m/g (minimum) |

अध्ययन गरिएका पाठ्यपुस्तक एवं पाठ्यसामाग्रिहरुः-

१. जनक शिक्षा सामग्री केन्द्र (Janak Education Materials Centre Limited)**(कक्षा ६ को स्वास्थ्य,शारीरिक तथा सिर्जनात्मक कला)**

२. एकता प्रकाशन (कक्षा ६ को Integrated Science and Technology र कक्षा १२ को Advance level Physics)

३. कोशेली प्रकाशन (सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा कक्षा ६)

४. युनाइटेड प्रकाशन (Learning English ,Grade 6 र हाम्रो सेरोफेरो कक्षा २ )

५. विद्यार्थी प्रकाशन (Health, Physical and Creative Arts, Grade 6 )

६. रिडमोर प्रकाशन (Social Studies , Grade 10 and Health and Physical Education with Creative Art,Grade 6 )

७.गिनिज प्रकाशन (कक्षा ६ को Health, Physical and Creative Arts र कक्षा १२ को सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा )

<u>अध्ययनका क्रममा देखिएका तथ्यहरुः-</u>

<u>१ जनक शिक्षा सामग्री केन्द्रलिमिटेड</u>

जनक शिक्षा सामाग्री केन्द्र लि. प्रकाशक नभई मुद्रणको रुपमा मात्र रहेको । उक्त लिमिटेडले मुद्रण गर्ने पाठ्यपुस्तकको डिजाइन ,प्रतिलिपी अधिकार सम्पूर्ण रुपमा पाठ्यक्रम विकास केन्द्रबाट हुने व्यवस्था।

- आवरण पृष्ठको अघिल्लो(Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा उक्त स्थानमा नक्शा नराखि कोभिड -१९ को सन्देश राखिएको र नेपालको आधिकारिक नक्सा पछाडिको कभर पेजमा राखिएको।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राखिनु पर्नेमा राखिएको छैन ।
- संस्करण २०७८ लेखिएता पनि कति प्रति छापिएको हो ? छपाई प्रति नलेखिएकोले कति प्रति छापिएर सामुदायिक विद्यालय एवं संस्थागत विद्यालयमा गएको भन्ने स्पष्ट हुन नसकिएको र नियम पालना एवं लागु गर्नु गराउनु पर्ने निकायको नै छपाइमा भएको कमि कमजोरीले गर्दा अन्य पव्लिकेशनहरुले समेत उक्त विषयमा प्रश्न चिन्ह उठाउने प्रशस्त ठाउँ रहेको पाइयो ।
- नेपाल सरकारले नै तयार गरि छपाइको कार्य मात्र जनक शिक्षा सामाग्रि केन्द्र लि. ले गर्ने उक्त पाठ्यपुस्तको यस्ता कमि कमजोरीले गर्दा सरकारी निकायको नै कमजोरी देखिने हुँदा यस्ता कमि कमजोरीको समाधान तत्काल गर्नु पर्ने देखियो ।

<u>२ एकता पव्लिकेशनः-</u>

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राखिएको ।
- स्वीकृति पत्र स्क्यान गरी पाठ्य सामग्री शिर्षक पृष्ठ भन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्नेमा तोकिएको स्थानमा राखिएको ।

- पाठ्यसामग्रीको प्रत्येक पृष्ठको  पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नुपर्नेमा सो नपाइएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नु पर्नेमा नराखि पुस्तकको पछाडिको कभर पेजमा राखिएको।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

३ कोशेली पव्लिकेशनः-

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा तोकिए वमोजिको स्थानमा राखिएको ।
- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नुपर्नेमा तोकिए अनुसार राखिएको ।
- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गर्नुपर्नेमा तोकिए अनुसार राखिएको ।
- पाठ्यसामग्रीको प्रत्येक पृष्ठको  पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नुपर्नेमा राखिएको छैन।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्नेमा नराखि पुस्तकको पछाडिको कभर पेजमा राखिएको ।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

४ युनाइटेड पव्लिकेशनः-

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा नक्शा राखिएको तर तोकिएको स्थानमा नराखिएको ।
- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नुपर्नेमा तोकिएको स्थानमा नराखि शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा राखिएको।

- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्ने तोकिएको स्थानमा राखेको नपाइएको ।
- पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नुपर्नेमा सोही वमोजिम गरेको पाईएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्ने मा तोकिएको स्थानमा नराखि पुस्तकको पछाडिको कभर पेजमा राखिएको ।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

<u>५ विद्यार्थी पव्लिकेशनः-</u>

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso)पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा कोभिड-१९ संक्रमण रोकथामसम्बन्धी सूचना राखिएको ।
- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथामसम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नुपर्नेमा नेपालको आधिकारिक नक्सा राखिएको।
- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्ने सो भन्दा पछाडिको बाँया भागमा राखिएको ।
- पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गनुपर्नेमा उल्लेख गरेको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्नेमा मूल्य राखिएको।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

<u>६ रिडमोर पव्लिकेशनः-</u>

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा तोकिए वमोजिम राखिएको ।

- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नु पर्नेमा तोकिए वमोजिम राखिएको ।
- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्ने सोही वमोजिम राखिएको ।
- पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नु पर्नेमा सोही वमोजिम गरिएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्नेमा तोकिएको स्थानमा मूल्य राखिएको।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

७ गिनिजपव्लिकेशनः-

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा तोकिएको स्थानमा नराखि दुई पाना पछाडिको बाँया भागमा राखिएको ।
- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नुपर्नेमा तोकिएको स्थानमा नराखि दाँया भागमा राखिएको ।
- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गर्नुपर्नेमा तोकिएको स्थानमा राखिएको ।
- पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नुपर्नेमा सोही वमोजिम गरिएको ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्ने मा तोकिएको स्थानमा नराखि पुस्तकको पछाडिको कभर पेजमा राखिएको।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

६ ओएसिस पव्लिकेशनः-

- आवरण पृष्ठको अघिल्लो (Front) भागको बाँया (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा राख्नुपर्नेमा तोकिए वमोजिम नराखी २ पाना पछाडिको पेजमा राखिएको ।
- आवरण पृष्ठको पछिल्लो (Back ) भागको दाँया (Recto) पृष्ठमा कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धी सूचना पाठ्यक्रम विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गरी समावेश गर्नु पर्नेमा तोकिए वमोजिम नराखि अगाडिको पानामा राखिएको ।
- स्वीकृतिपत्र स्क्यान गरी पाठ्यसामग्री शिर्षक पृष्ठभन्दा पछि दाँया (Recto) पृष्ठमा समावेश गनुपर्ने सोही वमोजिम राखिएको ।
- पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गर्नु पर्नेमा सो वमोजिम नगरिएको ।
- शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्नेमा पुस्तकको पछाडीको स्थानमा मूल्य राखिएको।
- यस बर्ष स्वीकृत प्राप्त गरी प्रकाशन गरिएका केही पाठ्यसामाग्रीहरुमा पाठ्यक्रम विकास केन्द्रले दिएका निर्देशनहरु पुर्ण रुपमा पालना नभएता पनी गुणस्तर लगायतका विषयमा केही सुधार गरेको पाईयो ।
- संस्करण २०७८ भएतापनि कति प्रति छपाइ भएको हो उल्लेख नभएको ।

<u>निष्कर्ष</u>

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार लागु भएको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका ,२०७६ को २८ (ख) मा भएको व्यवस्था वमोजिम नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिमको गुणस्तर, मूल्य लगायतका समग्र पक्ष पाठ्यसामग्रीमा रहे, नरहेको जाँचबुझ गर्ने, गराउने अधिकार पाठ्यक्रम विकास केन्द्रलाई रहेको र सोही निर्देशिकाको २९ (३) मा केन्द्रको स्वीकृत प्राप्त नगरी बिक्री वितरण गरेमा बिक्री वितरण गर्न रोक लगाई एक बर्षसम्म बिक्री वितरण गर्न स्वीकृति दिइने छैन भन्ने स्पष्ट व्यवस्था भएकाले पाठ्यक्रम विकास केन्द्र सो बिषयमा जिम्मेवार भएको पाईएन ।

- पाठ्यसामाग्री प्रकाशनको स्वीकृति प्राप्त गर्दा हरेक बर्षको लागि ५००० प्रति छपाई गर्ने अनुमति प्राप्त हुने तर पाठ्यसामग्रीको प्रति उल्लेख नगर्दा ५००० भन्दा बढि प्रति छपाई भए

नभएको सुनिश्चित हुने कुनै भरपर्दो आधार देखिएन । यसबाट राज्य कोषमा जम्मा हुन जाने राजस्व चुहावट हुन सक्ने भएकाले छपाई प्रति अनिवार्य उल्लेख गर्नुपर्ने देखिन्छ ।

- पाठ्यक्रम विकास केन्द्रलाई कानुन् बमोजिमको तोकीएको पाठ्यपुस्तक र पाठ्यसामाग्री छपाईको मापदण्ड पूर्ण रुपमा पालना गर्न गराउन निर्देशन दिनुपर्ने देखिन्छ ।
- पाठ्यसामाग्री छपाई गर्ने पब्लिकेशनहरुले तोकीएको मापदण्ड पालना नगरी पाठ्यसामाग्री वजारमा विक्रि वितरण गर्दै आएकाले अव उप्रान्त तोकीएको मापदण्ड पुरा नभएका पाठ्यसामाग्रीहरु विक्रि वितरण प्रक्रियामा पुर्ण रोक लगाई तत्काल कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिनुपर्ने देखिन्छ ।
- मन्त्रालय स्तरिय निर्णय अनुसार कक्षा ५ देखि १२ सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले मुद्रण र बिक्री बितरणको पूर्ण जिम्मा पाएको र १ देखि ४ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रले समेत छपाई गर्दै आएकाले निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकको मूल्य महङ्गो र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले मुद्रण गरेको पुस्तकको मूल्य सस्तो भएकाले गुणस्तरीय पुस्तक छपाई गरी विक्रि वितरण गर्न जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलाई नै जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

सुझाव

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार लागु भएको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका ,२०७६ को २८ (ख) मा भएको व्यवस्था वमोजिम नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिमको गुणस्तर, मूल्य लगायतका समग्र पक्ष पाठ्यसामग्रीमा रहे , नरहेको जाँचबुझ गर्ने, गराउने अधिकार पाठ्यक्रम विकास केन्द्रलाई रहेको र सोही निर्देशिकाको २९ (३) मा केन्द्रको स्वीकृत प्राप्त नगरी बिक्री वितरण गरेमा बिक्री वितरण गर्न रोक लगाई एक बर्षसम्म बिक्री वितरण गर्न स्वीकृति दिइने छैन भन्ने स्पष्ट व्यवस्था भएकाले पाठ्यक्रम विकास केन्द्र सो बिषयमा गम्भिर भएको नपाईएकाले आफैले दिएको निर्देशन पालना भए/नभएको विषयमा समेत नियमित अनुगमन निरीक्षण नगर्नु जिम्मेवार निकायको नै कमी/कमजोरी देखिन आएकाले उक्त विषयमा जिम्मेवार हुन पाठ्यक्रम विकास केन्द्रलाई ध्यानाकर्षण गराउनु पर्ने ।

- पाठ्यसामाग्री छपाई गर्ने पव्लिकेशनहरुले तोकीएको मापदण्ड पालना नगरी पाठ्यसामाग्री वजारमा विक्रि वितरण गर्दै आएकाले अव उप्रान्त तोकीएको मापदण्ड पुरा नभएका पाठ्यसामाग्रीहरु विक्रि वितरण प्रक्रियामा पुर्ण रोक लगाई तत्काल कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिनुपर्ने।
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को संशोधन २०७२ परिच्छेद ३ दफा ५ मा किताव दर्ता गर्ने व्यबस्था को उपदफा (२) को (ट) र (ड)मा संस्करणमा छापिएको प्रति र विक्रि मूल्यको सम्बन्धमा स्पष्ट व्यबस्था भएको र सोही ऐन, को दफा ६ मा कितावमा उल्लेख गर्नुपर्ने कुराहरुको उल्लेख भएको र कितावको प्रकाशकले प्रत्येक कितावमा प्रकाशक, संम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलीपी अधिकार पाउने व्यक्ति समेत सवैको पुरा नाम, संस्करणको संख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा विक्रि मूल्य आदी स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ भन्ने स्पष्ट कानुनी व्यबस्था भएकोले पाठ्यपुस्तक तथा पाठ्यसामाग्री प्रकाशन को स्वीकृति दिंदा माथि ऐनमा व्यबस्था भएबमोजिम स्वीकृती दिएमा राजस्व राज्य कोषमा जम्मा हुन गइ राजस्व चुहावट रोकिने र त्यस्ता पाठ्यपुस्तक तथा पाठ्यसामाग्रीको मुद्रण, प्रकाशन र विक्रि वितरण गर्दा संस्करण, मूल्य र छपाई प्रति अनिवार्य उल्लेख गर्न लगाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिनु पर्ने देखिन्छ ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७८/८/१ को निर्णय

१. बोर्डिङ स्कुलका किताब प्रकाशकहरूले कम गुणस्तरको किताब प्रकाशित र छपाई गरेर विक्री/ वितरण गरेको भन्ने व्यहोराको उजुरीको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदन उपर छलफल गर्दा देहाय बमोजिम गर्ने गरी फाइल तामेलीमा राखी उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो:-

क. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयानुसार लागु भएको पाठ्यक्रम तथा पाठ्य सामग्री विकास तथा वितरण निर्देशिका ,२०७६ को २८ (ख) मा भएको व्यवस्था वमोजिम नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिमको गुणस्तर, मूल्य लगायतका समग्र पक्ष पाठ्य सामग्रीमा रहे, नरहेको जाँचबुझ गर्ने, गराउने अधिकार पाठ्यक्रम विकास केन्द्रलाई रहेको र सोही निर्देशिकाको २९ (३)

मा केन्द्रको स्वीकृत प्राप्त नगरी बिक्री वितरण गरेमा बिक्री वितरण गर्न रोक लगाई एक बर्षसम्म बिक्री वितरण गर्न स्वीकृति दिइने छैन भन्ने स्पष्ट व्यवस्था भएकाले पाठ्यक्रम विकास केन्द्र सो बिषयमा गम्भिर भएको नपाईएकाले आफैले दिएको निर्देशन पालना भए/नभएको विषयमा समेत नियमित अनुगमन निरीक्षण नगर्नु जिम्मेवार निकायको नै कमी/कमजोरी देखिन आएकाले उक्त विषयमा जिम्मेवार हुन पाठ्यक्रम विकास केन्द्रलाई ध्यानाकर्षण गराउने ।

ख. पाठ्यसामाग्री छपाई गर्ने पब्लिकेशनहरुले तोकिएको मापदण्ड पालना नगरी पाठ्यसामाग्री वजारमा विक्रि वितरण गर्दै आएकाले अव उप्रान्त तोकिएको मापदण्ड पुरा नभएका पाठ्यसामाग्रीहरु विक्रि वितरण प्रक्रियामा पूर्ण रोक लगाई तत्काल कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिने।

ग. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को संशोधन २०७२ परिच्छेद ३ दफा ५ मा किताब दर्ता गर्ने व्यबस्था को उपदफा (२) को (ट) र (ड) मा संस्करणमा छापिएको प्रति र विक्रि मूल्यको सम्बन्धमा स्पष्ट व्यबस्था भएको र सोही ऐन, को दफा ६ मा कितावमा उल्लेख गर्नुपर्ने कुराहरुको उल्लेख भएको र कितावको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपी अधिकार पाउने व्यक्ति समेत सवैको पूरा नाम, संस्करणको संख्या, बर्ष र सो संस्करणमा छापिएको प्रति तथा विक्रि मूल्य आदी स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ भन्ने स्पष्ट कानुनी व्यबस्था भएकोले पाठ्यपुस्तक तथा पाठ्यसामाग्री प्रकाशन को स्वीकृति दिंदा माथि ऐनमा व्यबस्था भए बमोजिम स्वीकृति दिएमा राजस्व राज्य कोषमा जम्मा हुन गइ राजस्व चुहावट रोकिने र त्यस्ता पाठ्यपुस्तक तथा पाठ्यसामाग्रीको मुद्रण, प्रकाशन र विक्रि वितरण गर्दा संस्करण, मूल्य र छपाई प्रति अनिवार्य उल्लेख गर्न लगाउन पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिने ।